# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

पत्र संख्या :- प्र.शा. - ०७७/०७८

## सूचना ! सूचना !! सूचना !!!

**(सूचना प्रकाशित मितिः २०७७/११/१६)**

प्रस्तुत विषयमा यस पालिका भित्र बुबा र आमा दुबैको मृत्यु भएका वा दुबै बेपत्ता भएका वा दुबैको संरक्षण वा रेखदेखबाट बञ्चित भएका तपसिल बमोजिमका बालबालिकाहरूले भत्ता पाउने प्रयोजनको लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र त्यस्ता बालबालिकाका संरक्षकले तपसिल बमोजिमको कागजात समेत संलग्न गरी सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरूः**

१) सम्बन्धित बालबालिकाको (बुबा र आमा दुबैको मृत्यु दर्ता प्रमाण पत्रको फोटोकपी, जन्म दर्ता वा नागरिकता बनेको भए सो को फोटोकपी, पासपोर्ट साइजको फोटो १ प्रति)
२) बुबा र आमा दुबै बेपत्ता भएको वा दुबैको रेखदेख वा संरक्षणबाट बञ्चित भएको भए सो सम्बन्धी वडाको किटानी सिफारिस पत्र ।
३) पाँच वर्ष उमेर पूरा भएका बालबालिकाहरूको हकमा भर्ना भई नियमित विद्यालयमा जाने गरेको ब्यहोरा खुल्ने सम्बन्धित विद्यालयको सिफारिस पत्र ।
४) अन्य कुनै निकायबाट नियमित रूपमा भत्ता नलिएका र १८ वर्ष भन्दा कम उमेरका बालबालिकाहरूको लागि मात्र उनीहरूको संरक्षकले निवेदन दिनु पर्ने छ ।
५) सम्बन्धित बालबालिकाको संरक्षक हो भन्ने वडा कार्यालयको सिफारिस पत्र ।

*(नोटः माथि तोकिए बमोजिम प्रक्रिया पूरा गरी छनौटमा परेका बालबालिकाहरूलाई भत्ता रकम उपलब्ध गराइनेछ ।)*

पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

संपर्क नं. : ०११६९१११८ ईमेलः lisankhupakharmun@gmail.com website: www.lisankhupakharmun.gov.np